खण्ड - ३

आगामी आ.व. २०७४/०७५को नीति, वजेट तथा कार्यक्रम

३.१. सोच

"कृषि तथा पर्यटकीय क्षेत्रमा पूर्वाधार विकास,समावेशी संस्कृति बाह्रगाउँ मुक्तिक्षेत्रको मूल आधार"

भन्ने नाराका साथ आर्थिक रुपमा सवल, सामाजिक रुपमा ऐक्यवद्ध, सास्कृतिक रुपमा मौलिक, मुस्ताङ जिल्लाकै सुन्दर र सम्वृद्ध पर्यटकीय गाउँपालिका बनाउनका लागि एक आपसमा एकतावद्ध भएर राजनीतिक विचार भन्दा माथि उठी स्थानीय जनताको आवश्यकता अनुसार योजना तथा कार्यक्रमहरु तयर गर्ने,समयमा नै उपभोक्तासमिति गठनगरी योजनाहरुको संभौता, इष्टिमेट लगायतका प्रकृया पूरागरी निर्माण कार्य दिगो र गुणस्तरयुक्त वनाउन सवैले सामुहिक प्रयात्न गरी हरेक वर्ष असारको अन्तमा योजनाहरु हतार हतारमा सम्पन्न गर्ने विगतको परिपाटीलाई त्याग्दै समयमा नै कामसम्पन्न गर्न र स्थानीयहरुले समेत योजनाको अपनत्वका लागि लगानी गर्ने तर्फ उत्प्रेरित गर्ने हाम्रो सेंच रहेको छ ।

३.२. लक्ष्य

प्रजातान्त्रिक प्रकृयाको विकास गर्दै पारदर्शी व्यवहार, जनता प्रतिको उत्तरदायित्ववोध र स्थानीय जनताको सहभागितामा उच्च गुणस्तरीय समुन्नत नागरिक समाजको स्थापनाका लागि आन्तरिक आयमा वृद्धि तथा मानवीय तथा भौतिक विकासका पक्षमा ध्यान दिई हिन्दु तथा वुद्ध धर्मको आकर्षणको केन्द्र रहेको यस गाउंपालिका क्षोत्रमा विभिन्न दृष्टिकोणले पर्यटन,कृषि,पशुसेवाको नस्ल सुधार,प्राकृतिक स्रोत साधनको समुचित उपयोग गर्दै विविध आर्थिक क्रियाकलावका माध्यामले यस क्षेत्रका जनताको जीवनस्तर बृद्धि गरी आन्तरिक स्रोत को विकासका लागि अल्पकालिन,मध्यकालिन तथा दीर्घकालिन गुरुयोजना तयार गरी संवृद्ध गाउंपालिका निर्माणका लागि आर्थिक विकासको मूल आधार विस्तार गर्ने तर्फ यस गाउंपालिकाको लक्ष्य केन्द्रित हुनेछ ।

३.३ उद्धेश्य

जन निर्वाचित स्थानीय तहका प्रतिनिधिहरुको सामुहिक प्रयासबाट गाउंवासीहरुलाइ कृषिमा आत्म निर्भर गराई शिक्षा,स्वास्थ्य,शुद्ध तथा प्रशोधित खानेपानी, विना अवरोध विद्युत तथा टेलिफोन सेवा,गाउंका हरेक स्थानमा उपयुक्त तरिकाबाट गरिएको फोहर व्यवस्थापन,भूकम्प प्रतिरोधी भौतिक संरचनाहरुको निर्माण,दृष्यवलोकनका लागि भ्यू टावरको निर्माण,गर्दे पर्यटकीय नगरीको रुपमा यस

गाउंपालिकालाइ संबृद्ध गाउंपालिका निर्माण गर्न समावेशी विकास दलित, पिछडिएको वर्ग, अल्पसंख्यक, जातजाती क्षेत्रहरुको सवै पक्षमा अर्थपूर्ण सहभागिता, स्रोत र साधनको न्यायोचित वितरण सहित दिगो विकास मार्फत सामाजिक रुपान्तरणमा जोड दिनु यस गाउिंपालिकाको उद्देश्य रहेको छ ।

३.४ अपेक्षित उपलव्धी

संविधानको कार्यन्वय संगै यस क्षेत्रका स्थानीय जनप्रतिनिधिहरुको उत्साह, विकास निर्माण र योजना छनौटमा देखाएको चासो र जनता प्रतिको जिम्मेवारी वोधका जुझारुपनले अवका दिनहरु विकासका दृष्टिले छलाङ मार्ने छन् भन्नेतर्फ हामी सवैले विश्वास लिएका छौं ।

विगतका समयमा यस क्षेत्रको दर्शनका लागि खाना खर्च वोकेर पैदल यात्रा तथा सिमित व्यक्तिहरु हवाइ यात्राबाट मात्र यस क्षेत्रको अनुगमन तथा पर्यटकको हैसियतबाट वढी समय र लागतको व्यवस्था गरेरमात्र आउन पर्ने अवस्था रहेकोमा सडक यातायातका माध्यामले २-३ दिन भित्रै स्वदेशी तथा विदेशी पर्यटकहरुले कम खर्चमा नै यस क्षेत्रको भ्रमण तथा अवलोकन गर्ने अवसर पाएका छन् ।

कागवेनी देखि मुक्तिनाथ सम्मको सडक कालोपत्रे गर्ने काम लगभग अन्तिम चरणमा पुगिसेको छ । सडक निर्माणको यही गतिमा कार्य गर्दै गए एक वर्ष भित्रमा नै यसले विकासको फड्को मार्ने आशा लिइएको छ । जोमसोमको काली गण्डकी नदीमा निर्मित मोटरेवल पूलको संचालनले विना अवरोध यात्रुहरु सीधै यस क्षेत्रको धार्मिक तिर्थस्थलमा छोटो समसयमा नै दर्शन गर्ने अवसर पाएका छन् । विभिन्न कलेजका छात्रछात्राहरु समेत यस क्षेत्रको अनुपम सौदर्यका लागि मुग्ध भएर भागी भागी आउने क्रम जारी नै रहेको छ ।

मेषे सक्रान्ति, रामनवमी,सोह्रश्राद्ध, वडा दशैं जस्ता पर्वहरुमा कागवेनी तथा मुक्तिनाथ मन्दिर दर्शन तथा यस क्षेत्रको अवलोकन भ्रमणका लागि हज्जारौंको संख्यामा आन्तरिक र वाह्य पर्यटकहरुको लर्को लाग्ने गरेको छ । कागवेनी र मुक्तिनाथका हरेक होटलहरु अग्रीमरुपले वुकिङग हुने हालको क्रम निरन्तर रहेमा यस क्षेत्रको आम्दानीका स्रोत दिनानुदिन वढ्दै जानेमा कुनै सन्देह रहदैन ।

३.५ वार्षिक वजेट तथा कार्यक्रम तर्जूमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु

३.५.१ क्षेत्रगत नीति तथा आधारहरु

बजेट तथा कार्यक्रम तर्जुमा समितिले वडा समितिबाट प्राथमिकिकरण भइ आएका आयोजना तथा कार्यक्रमहरु समेतका आधारमा निम्नानुसाका विषय क्षेत्रगत सूचि तयार गरी बजेट,योजना तथा कार्यक्रम तयार पारेको छ ।

(क) आर्थिक क्षेत्र :

अर्थिक सुधार तथा विकासका प्रयत्नबाट नै यस क्षेत्रको विकासमा थप योगदान दिन सकिने उद्देश्यले आधिकांश वडाका स्थानीय गाउंवासीहरुको चाहना वमोजिम खाद्यान्नमा आत्म निर्मर वन्न कृषि उत्पादन वृद्धितर्फ सिंचाइको कार्यक्रमलाइ पहिलो प्राथमिकतामा राखिएको छ । पानीको स्रोत सानो तथा टाढा भएका कारण कृषि र सिंचाइका कार्यक्रमहरु प्रायः क्रमागत योजना तर्फ वढी लक्षित रहेको देखिन आएको छ । सर्वप्रम स्थानीयवासीको अति आवश्यक पूर्वाधार विकासमा यस वर्ष पहिलो प्राथमिकता परेकोले पर्यटन,सहकारी र वित्तीय क्षेत्रको सुधारमा कम रकम विनियोजन भएका छन् ।

(ख) समाजिक क्षेत्रः

यस क्षेत्रका स्थानीय विद्यार्थीहरु शहरका सुविधा सम्पन्न विद्यालयमा अध्यन गर्न जाने विगतको प्रचलन अनुसार अधिकांश विद्यालयमा विद्यार्थीहरुको संख्या ज्यादै न्यूनहुनु, तल्लो कक्षाका शिशु स्याहार केन्द्रहरु कम संख्यामा रहनु,जनसंख्या कम रहेका कारण स्वास्थ्य केन्द्रमा स्थानीयको भन्दा स्वदेशी तथा विदेशी पर्यटकहरुको उपस्थिति वढी हुनु, स्वच्छ खानेपानीको स्रोत वजार/वस्ती भन्दा टाढा रहनु , एउटा गाउंको पानी अर्को गाउंमा पुऱ्याउन कठिन हुनु, कागवेनी र मुक्तिनाथ वजार क्षेत्रमा ढल व्यवस्थापन कार्यमा खर्चिलो देखिनु जस्ता विविध कारणले स्थानीय जनताको चाहना अनुरुप सवै क्षेत्रमा रकम विनियोजन गर्न नसकिए तापनि यस वर्ष खानेपानी, ढल निर्माण जस्ता योजनाहरु समेत समावेश गरिएको छ ।

(ग) पूर्वाधार क्षेत्र :

यस गाउंपालिका क्षेत्रमा अन्य विषय क्षेत्रगतको तुलनामा पूर्वाधार विकासमा तुलनात्मक रुपले वढी रकम विनियोजना हुन पुगेको छ । कुल पूंजिगत संचालित योजनाहरु मद्धे यस क्षेत्रमा ३७.४१ प्रतिशत वजेट विनियोज भएको देखिन्छ ।

(घ) वातावरण तथा विपद व्यवस्थापन क्षेत्रः

यस गाउंपालिका क्षेत्रमा वन तथा वातावरणीय क्षेत्रमा नगन्य रुपमा सुधार भएको, सिंचाइको कम प्रभावले हिमाली क्षेत्रका विरुवाहरु हुर्कन कठिनाइ पर्ने, हालको सडक यातायातको कारण भौतिक निर्माणका सामाग्रीहरु वाह्यवजारमा प्रभावित हुने गरेको कारण पनि वन तथा वातावरणीय क्षेत्रको विकाशमा जनप्रतिनिधिहरुको ध्यान कमपरेको देखिन आयो । अधिकांश खोला र नदीका किनारमा पानीको चिस्यान पाउने स्थानमा मात्र वोटविरुवाहरुको वृक्ष्यरोपण गर्ने परिपाटीका कारण यस क्षेत्रमा नगन्य मात्रमा वजेट विनियोजन भएको र हिमपहिरो,वाढी, सुख्खा पहिरो जस्ता भविष्यका सम्भावित विपत कार्यका लागि केहीमात्रका रकम विनियोजन गरिएको छ ।

(ङ) संस्थागत विकास तथा सेवा प्रवाह र सुशासनः

दुर्गम जिल्ला विदुतीय प्रवाहमा निरन्तरताको कमी, इन्टरनेटको दिगोपनाको अभाव,दक्ष जनशक्तिको कमी उपयोगी सामानहरुको ढुवानी, मर्मत सम्भारमा कठिनाई जस्ता विविध कारणले संस्थागत विकास तथा सेवा प्रवाहमा उल्लेख्य रुपमा रकम विनियोजन गर्ने तर्फ खासै ध्यान पुगेको देखिएन । गाउंपालिकाको स्थापना तथा व्यवस्थापनाका सिलसिलामा उपलव्ध भएका पूजिंगत रकमबाट न्यूनतम रुपमा व्यवस्थापन भएका सामाग्रीहरुबाट नै संस्थागत विकासको थालनी भएका कारण यस वर्ष संस्थागत विकास र सेवा प्रवाहमा न्यूनतम रकम मात्रै विनियोजन भएको छ ।

३.६ मुख्य मुख्य आयोजना र क्रियाकलापहरु

विगत दशकौं देखि यस क्षेत्रमा नगन्य रुपले वजेट विनियोजना हुने गरेकोमा यस वर्षको पहिलो गाउंसभामा उपलव्ध वजेट सिलिङले स्थानीयहरुको दैनिक जीवनमा प्रत्यक्ष प्रभव पर्ने प्रकृतिको योगना तथा कार्यक्रमहरुमा नै सवैको ध्यान केन्द्रित हुन पुगेको छ ।

विगतका वर्षमा जस्तै यस वर्ष पनि खासै परिणाम देखिने खालका योजना हरुछनौटमा कम ध्यान पुगेको जस्तो देखिएको छ । मतदाताको मन जित्नका लागि नै योजनाहरु छनौट गर्नु पर्ने वाध्यता र स्थानीयको आवश्यकताहरु अत्यधिक रहेका तर ती आवश्यकताहरु पूरा गर्ने स्रोत साधनहरु ज्यादै न्यून रहेक कारण सवै जनप्रतिनिधिहरुले आ-आफ्नै क्षेत्रमा नै वजेट तान्ने केन्द्र देखि कै परिपाटी यस गाउंपालिकामा पनि दोहोरिएर आएको छ । यसको परिणम स्वरुप ठूला तथा प्रभवित योजनाहरुमा केवल क्रमागत योजनाहरुले नै स्थान पाएका छन् ती मद्धे

- विभिन्न वडाहरुमा सिंचाइ कुलो निर्माण/मर्मत योजनाहरु
- गुम्वा निर्माण योजनाहरु
- नदी नियन्त्रण तथा तटवन्धन योजनाहरु
- मोटरबाटो निर्माण/मर्मत योजनाहरु
- खानेपानी तथा ढल निर्माण योजना
- समाजघर निर्माण योजना

जस्ता योजनाहरुले विशेष वजेट र प्राथमिकता पाएका छन् ।

३.७ अनुमानित व्यय र चालु खर्चको स्रोत व्यवस्थापन

यस गाउंपालिका क्षेत्रका लागि स्थानीय वस्तीस्तरका जनसमुदायहरुको माग,नवनिर्वाचित पदाधिकारीहरुबाट भएको स्थलगत अनुगमन लगायत पूर्वाधार विकासको औचित्य समेतको आधारमा निम्नानुसारको योजना तथा कार्यक्रमहरुका लागि योजनाहरुको छनौट गरी हालको अवस्थामा गाउंपालिकाको आन्तरिक स्रोत समेतको व्यवस्थापन गरी आय तथा व्यय विवरण तथा तालुक निकायवाट विषयगत कार्यालयहरुका लागि विनियोजन भएको रकम समेत समावेश गरी निम्नानुसार रकम विनियोजन गरियो